# वित्तीय विवरण सिफारिस सम्बन्धी आन्तरिक कार्यप्रक्रिया, २०८१/८२

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (८) र (९) को प्रयोजनार्थ)

(१) आयोजनाबाट प्रमाणित वा सिफारिसका लागि महालेखा नियन्त्रक कार्यालयमा पेश हुने वित्तीय विवरण सम्बन्धित मन्त्रालय मार्फत पठाउनु पर्नेछ।

(२) महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने वित्तीय विवरण नेपालको सरकारी लेखा फाराम (म.ले.प. फाराम), २०७६ (पहिलो संशोधन २०७९) को फाराम नं. २३१ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

(३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (८) र (९) बमोजिम वैदेशिक स्रोत समावेश भएका आयोजनाहरुले दातृ निकायमा पेश गर्ने लेखापरीक्षण नभएको वित्तीय विवरण (Un-Audited Project Financial Statement) असोज मसान्तभित्र र लेखापरीक्षण भएको वित्तीय प्रतिवेदन (Audited Project Financial Statement) पौष मसान्तभित्र पेश गरी सक्नुपर्नेछ। दातृ निकायसँग भएको सम्झौतामा लेखापरीक्षण भएको वित्तीय विवरण पेश गर्ने समयावधिका सम्बन्धमा छुट्टै व्यवस्था भएमा सोही बमोजिम गर्नु पर्नेछ।

(४) आयोजनाको वित्तीय विवरण प्रमाणित वा सिफारिसको लागि महालेखा नियन्त्रक कार्यालयमा पठाउँदा सम्बन्धित मन्त्रालयका सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखत गरी पेश गर्नु पर्नेछ। सम्बन्धित मन्त्रालयले आयोजनाको वित्तीय विवरण प्रमाणित वा सिफारिसका लागि यस कार्यालयमा पत्र पठाउँदा बजेट उपशीर्षक, आयोजनाको नाम, ऋण तथा अनुदान नम्बर र माथि बुँदा नं. ३ मा उल्लिखित समयमा पेश गर्न नसकेको भए सोको उचित कारण समेत उल्लेख गर्नु पर्नेछ।

(५) आयोजनाको वित्तीय विवरणमा उल्लिखित आर्थिक वर्ष ०७९।८० सम्मको जिम्मेवारी सारेको तथ्याङ्कगत विवरण र ०८०।८१ को स्रोतगत खर्च तथा शोधभर्ना प्राप्तिको तथ्याङ्क महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग फरक पर्न गएमा फरक पर्नाको कारण खुल्ने गरी समायोजन विवरण (Reconcilation Statement) प्रमाणित गरी आयोजना वित्तीय विवरण (Project Financial Statement) मा समावेश गर्नु पर्नेछ।

(६) वैदेशिक ऋणमा संचालित आयोजनाहरुले दातृनिकायबाट प्राप्त गरेको ऋणको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा भएको ऋणको अभिलेख (Loan Ledger) संग भिडाएको प्रमाणित हुने निस्सा आयोजना वित्तीय विवरणमा संलग्न गर्नु पर्नेछ।

(७) एउटै बजेट उपशीर्षकबाट दुई वा दुई भन्दा बढी आयोजनाहरुले निकासा तथा खर्च गर्ने व्यवस्था भएकोमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले एकीकृत आयोजनाको वित्तीय विवरण पेश गर्नु पर्नेछ।

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

(८) सम्बन्धित निकाय वा आयोजनाबाट प्रमाणित वा सिफारिसको लागि पेश भएका आयोजनाको वित्तीय विवरणमा दातृ निकायबाट वस्तुगत सहायता तथा सोझै भुक्तानी अन्तर्गत प्राप्त भएका सबै रकमहरु समावेश गर्नु पर्नेछ। वस्तुगत सहायता तथा सोझै भुक्तानी मार्फत प्राप्त रकम CGAS मार्फत एकल खाता कोष प्रणाली (TSA) मा लेखाङ्कन/प्रविष्ट गरेर मात्र वित्तीय विवरणमा समावेश गर्नु पर्नेछ ।

(९) आर्थिक वर्ष २०८०।८१ वा सो भन्दा अगाडि नै बन्द भएका आयोजनाको वित्तीय विवरण पेश गर्नुपर्ने भए त्यस्ता बन्द आयोजनाको शोधभर्ना लिन बाँकी रकम अर्थ मन्त्रालयवाट स्रोतान्तर वा खर्च समर्थनको निर्णय गराई पेश गर्नु पर्नेछ। अर्थ मन्त्रालयबाट समयमा निर्णय नभएको कारण आयोजना वित्तीय विवरण पेश गर्न ढिलाई हुने अवस्था देखिएमा सम्बन्धित मन्त्रालयबाट श्रोतान्तर वा खर्च समर्थनको लागि अर्थ मन्त्रालयमा अनुरोध गरेको पत्रको प्रतिलिपि सम्लग्न गर्नु पर्नेछ ।

(१०) सार्वजनिक संस्थान वा बोर्ड अन्तर्गत संचालित आयोजनाको वित्तीय विवरण प्रमाणित वा सिफारिसका लागि महालेखा नियन्त्रक कार्यालयमा पेश गर्दा वित्तीय विवरणमा उल्लेख भएको ऋण लगानी वा सेयर लगानीको हिसाव सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखसँग भिडान गरी पेश गर्नु पर्नेछ।

(११) महालेखा नियन्त्रक कार्यालयमा प्रमाणित वा सिफारिसको लागि पेश भएको आयोजनाको वित्तीय विवरणमा उल्लिखित तथ्याङ्कगत विवरण कार्यालयको अभिलेखसँग भिडान भई अन्य शर्तहरु पूरा भएको अवस्थामा प्रमाणित वा सिफारिस हुन अनुमानित कम्तिमा पांच दिन लाग्ने हुँदा सोही अनुसार समय तालिका मिलान गर्नु पर्नेछ।

महालेखा नियन्त्रक